# लोक सेवा आयोग
# बागलुङ कार्यालय
## बागलुङ

फोन नं. : ०६८-५२२६४७, ५२०१४७ Website: www.psc.gov.np Email: baglung@psc.gov.np


## नायब सुब्बा वा सो सरह (अप्राविधिक) पदको प्रथम चरणको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना!!!

**सूचना नं. १८/२०८१-०८२, मिति: २०८१/११/०४ गते**

लोक सेवा आयोग, पोखरा कार्यालय, पोखराको विज्ञापन नं. १२८५१-१२८५६/०८१-८२(खुला र समावेशी) नेपाल न्याय र नेपाल प्रशासन सेवा **(लेखा समूह बाहेक)** को संयुक्त र एकीकृत परीक्षा प्रणाली अन्तर्गत राजपत्र अनङ्कित प्रथम श्रेणी (अप्राविधिक) **नायब सुब्बा वा सो सरह पद**मा **परीक्षा केन्द्र बागलुङ राखि Online दरखास्त फाराम स्वीकृत** भएका सम्पूर्ण उम्मेदवारहरूको प्रथम चरणको प्रतियोगितात्मक लिखित परीक्षा आयोगको पूर्व निर्धारित परीक्षा कार्यक्रम अनुसार तपसिलको मिति, समय र स्थान **(परीक्षा केन्द्र)** मा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साथै, सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरूले सहयोगी लेखक माग गर्नुपर्ने कारण र प्रमाण सहितका कागजात संलग्न राखी लोक सेवा आयोग, नियमावली २०७९ को नियम ६८(१) बमोजिम परीक्षा शुरू हुने मितिभन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ। परीक्षार्थीहरूले अनिवार्य रूपमा पालना गर्नुपर्ने विषयहरू तल द्रष्टव्य १ मा उल्लेख गरिएको छ।**

### परीक्षा कार्यक्रम

| क्र.सं. | विषय | परीक्षा मिति, समय र अवधि | रोल नं. | उम्मेदवार संख्या | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|
| १ | सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण (General Knowledge & General Mental Ability Test) | २०८१/११/१७ गते दिनको १:०० बजे अवधिः **४५ मिनेट** | ५१०००१ देखि ५१०२०० सम्म | २०० | **धवलागिरी बहुमुखी क्याम्पस, बागलुङ केन्द्र "क"** |
| | | | ५१०२०१ देखि ५१०४०० सम्म | २०० | **धवलागिरी बहुमुखी क्याम्पस, बागलुङ केन्द्र "ख"** |
| | | | ५१०४०१ देखि माथिका बाँकी सबै उम्मेदवारहरू | | **लोक सेवा आयोग, बागलुङ कार्यालयको परीक्षा भवन।** |

**द्रष्टव्य-१**

१) आयोगको पूर्व सूचना बिना पूर्व निर्धारित परीक्षा कार्यक्रम स्थगित हुने छैन ।
२) **प्रवेश-पत्र बिना** कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित गराईने छैन । परीक्षार्थीले प्रवेश-पत्रको साथै नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको कुनै एक सक्कल प्रमाणपत्र/परिचयपत्र लिई उपस्थित हुनु पर्नेछ ।
३) परीक्षा शुरू हुने समयभन्दा **एक घण्टा अगावै** परीक्षा केन्द्रमा उपस्थित भई सक्नु पर्नेछ ।
४) परीक्षा भवनमा मोबाईल, स्मार्ट वाच लगायत अन्य विद्युतीय सामाग्री निषेध गरिएको छ ।
५) परीक्षामा **कालो मसी** मात्रै प्रयोग गर्नु पर्नेछ । साथै, उत्तरपुस्तिकामा सिसाकलम प्रयोग गर्न पाईने छैन ।
६) परीक्षार्थीलाई तोकिएको केन्द्र बाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराईने छैन ।
७) परीक्षार्थीले उत्तरपुस्तिका बुझाई सकेपछि मात्र परीक्षा भवनबाट बाहिर जान पाईने छ ।

| | | | |
|---|---|---|---|
| ............................ | ............................ | ............................ | ............................ |
| **पिताम्बर बिरकट्टा** | **कुलमान श्रेष्ठ** | **खड्कबहादुर रोकाया** | **खुबी राम पोख्रेल** |
| **(कम्प्युटर अपरेटर)** | **(नायब सुब्बा)** | **(शाखा अधिकृत)** | **(उप-सचिव)** |